# बैठक नं. ५९

आज मिति २०७६ पौष ११ गते शुक्रबार दिउँसो १:३० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमकोउपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

**<u>निर्णय नं. १</u>**

यस नगरपालिकामा हालसम्म कायम भएका बेरुजुहरु मध्ये अधिकांश पेश्की  बेरुजु रहेकोले सोपेश्कीको तेरिज विवरण नगरकार्यपालिकाको कार्यालयबाटप्राप्त भएपछि पुरानो पेश्कीहरु फछ्र्यौट गर्न सबैको तर्फबाट उच्च प्राथमिकता दिई पहल कदमी गर्ने र चालु आ.व. मा लिएको पेश्कीहरु समेत यथासिघ्र फछ्र्यौट गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

यस नगरपालिकाको स्वीकृत वार्षिक बजेट योजना तथा कार्यक्रम बमोजिमका योजना तथा कार्यक्रमहरु संचालन गर्दा पेश गर्नुपर्ने कागजात र पुऱ्याउनुपर्ने प्रकृयाउपर बैठकमा छलफलभै सो अनुरुप सबैमा एकरुपता आउने गरी कार्यान्वयन गर्नका लागि सम्बन्धीत शाखाहरु तथा सम्पुर्ण वडा कार्यालयहरुमा सो सम्बन्धी विवरण उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

आखुँ इन्टरप्राईजेज प्रा.लि. काठमाण्डौले मिति २०७६/०३/०२ मा यस नगरकार्यपालिकाको कार्यालयमा पेश गरेको कित्ताकाटको लागि सिफारीस पाउने आशयको पत्र, वडानं. ४ कार्यालयको प.सं. २०७६/०७७ चं.न. ११२९ मिति २०७६/०८/२३ को पत्र तथा मिति २०७६/०९/११ मा प्राविधिक बाट लिखित राय सहितको फाईल उपर छलफल गर्दा आँखु इन्टरप्राईजजको नाममा दर्ता कायम रहेको साबिक मच्छेगाउँ गा.बि.स. वडा नं. २ ख कित्ता नं. ३२१ क्षेत्रफलः ११-६-३-० मध्ये ११-१-३-० जग्गामा २०७०/०२/१७ मा संयुक्त आवास भवनको स्वीकृति लिई भवन निर्माण पूरा नहुदै उक्त भवन भत्काई हाल पाताल गरी सकेको र अब उक्त जग्गा छुँटाछुँटै आवास बनाई बस्नका लागि उक्त जग्गालाई बिक्री  गर्नुपरेको हुदा सो जग्गा कृषियोग्य नभएको तथा पहिल्यै भवन बनाइसकेको स्थान भएकोले जग्गा टुक्रा गरी बिक्री बितरण कार्य गर्नका लागि लेखि आएकोले भवन संहितार यस नगरपालिकाको भवन तथा बाटो सम्बन्धी स्वीकृतमापदण्डभित्र रही आवासीय जग्गाको कर राजश्व तिर्ने र उक्त क्षेत्रफलमा नबढ्ने गरी माग बमोजिमको सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.४

यस नगरक्षेत्रका सडकहरु मध्ये अत्यन्त महत्वपूर्ण सडकका रुपमा रहेका निम्न सडकहरु जिर्ण भै दैनिक आवागमनमा कठिनाई भएको र स्तरोन्नती गर्नका लागि यस नगरपालिकाको सिमित साधनस्रोतले नभ्याउने हुँदा चालु आ.व.२०७६/०७७ को संशोधित योजनामा समावेश गरी कार्यान्वयन गरिदिनका लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम |
|---|---|
| १ | कीर्तिपुर चक्रपथ स्तरोन्नती योजना |
| २ | काठमाडौं चक्रपथ-सिता पेट्रोलपम्प-टयाङ्ला-कीर्तिपुर स्वीमिङ्ग पुल हुदैं कीर्तिपुर चक्रपथ |
| ३ | भत्केपाटी-साईराम चोक-पुष्पलाल प्रतिष्ठान सडक स्तरोन्नती योजना |
| ४ | राराहिल – यँचो – लनगोल -टौदह सडक |
| ५ | ढल्पा – छुगाँउ सडक स्तरोन्नती योजना |
| ६ | सशस्त्र चेक पोष्ट- चोभार सडक स्तरोन्नती योजना |